नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
रुपन्देही

प्र.जि.अ(नि.)५२०३७०
फ्याक्स नं. ५२०१५८
५२०१५९
५२११५८
E-mail.daorupandehi@gmail.com,
daorupandehi@moha.gov.np

पत्र संख्याः ०७७/७८
च.नं.

मितिः २०७७/०६/१७

**विषयः निषेधित क्षेत्र तोकिएको सम्बन्धी सूचना ।**

प्रदेश नं.५ सरकारबाट प्रदेशको नामाकरण र स्थाई राजधानीको प्रस्ताव निर्णयका लागि प्रदेश सभामा पेश भएको विषयलाई लिएर प्रतिकिया स्वरुप मिति २०७७/०६/१६ गते बुटवल उपमहानगरपालिकाका विभिन्न स्थानमा सरकारी सवारी साधन तोडफोड, सडकमा टायर बाल्ने र नारा जुलुस गर्ने जस्ता गतिविधिहरु भएको देएिकोले त्यस किसिमका गतिविधिहरु हुन नदिई जिल्ला भित्र शान्ति सुरक्षा र व्यबस्था बनाई राख्नका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३क) बमोजिम मिति २०७७/०६/१८ गते विहान ६:०० बजे देखि २०७७/०६/२१ गते बेलुका ६:०० बजे सम्मका लागि यस जिल्लाको बुटवल उपमहानगरपालिकाको तपसिल बमोजिमको क्षेत्रमा सभा, जुलुस, प्रदर्शन लगायतका गतिविधिहरु गर्न गराउन साथै ५ जना भन्दा बढी व्यक्तिहरु समूहमा उपस्थिति भई हिडडुल गर्न समेत नपाउने गरी निषेधित क्षेत्र तोकिएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सूचनाको अवज्ञा गरे गराएको पाईएमा प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपसिलः

**प्रदेश सभा भवन रहेको क्षेत्र**
दक्षिणमा ईट्टा भट्टीचोक,
उत्तरमा कालिका मन्दिर चोक,
पश्चिममा तिनाउ खोला किनार र
पूर्वमा कालिका मन्दिर देखि ईट्टा भट्टीचोकसम्मको कालिका पथ क्षेत्रभित्र,

**विभिन्न प्रदेश मन्त्रालयहरु रहेको क्षेत्र**
दक्षिणमा सुन्दर चोक,
उत्तरमा भुड्कीचोक,
पश्चिममा सिद्धार्थ राजमार्ग र
पूर्वमा भाटभटेनी चोकसम्मको क्षेत्रभित्र

**मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय क्षेत्र**
दक्षिणमा जेसिस चोक
उत्तरमा विद्युत चोक देखि हाट बजार जोड्ने लाइन,
पश्चिममा हाट बजार लाइन र
पूर्वमा सिद्धार्थ राजमार्ग सम्मको क्षेत्रभित्र

प्रमुख जिल्ला अधिकारी